नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

कास्की, पोखरा

२०७५

पत्र संख्याः २०८२/८३
चलानी नं ९८५

मितिः २०८२/०५/१८
ने.सं ११४५ ञंलाथ्व एकादशी

विषयः कार्यान्वयन सम्वन्धमा।

श्री पोखरा महानगरपालिका शिक्षा महाशाखा पोखरा कास्की।
श्री अन्नपूर्ण / माछापुच्छ्रे/ मादी /रूपा गा.पा, शिक्षा युवा तथा खेदकुद शाखा कास्की।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शासकीय सुधार शाखा, सानोठिमी भक्तपुरको च.नं २ मिति २०८२/०४/०७ को प्राप्त पत्रानुसार सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्ति सम्वन्धमा सामुदायिक विद्यालयको प्रधानाध्यापक एक पटकमा पाँच वर्षका लागि नियुक्ति भए पनि उक्त पदावधि सकिए पश्चात पनि पुनः नियुक्ति नभई निरन्तर जागिर सेवा अवधिभर प्रधानाध्यापक रही कार्य गरेको तथा योग्यताको आधारमा प्रधानाध्यापक पुनः नियुक्ति नगरिएको सम्वन्धमा श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौँ र राष्ट्रिय सर्तकता केन्द्र, सिंहदरवार, काठमाडौँमा पेश गरेको उजुरी श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार मार्फत आवश्यक कारवाहीको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा र केन्द्र मार्फत यस कार्यालयमा पत्र प्राप्त भएकोले सो सम्वन्धमा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को परिच्छेद १७ नियम ९३ अनुसूची १३ मा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने कार्यलाई तहाँ पालिका अन्तर्गतका विद्यालयहरूलाई निर्देशन गरी कार्यान्वयन गर्नु हुन अनुरोध छ।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उप-सचिव)

बोधार्थः
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शासकीय सुधार शाखा, सानोठिमी, भक्तपुर।
श्री जिल्ला स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरू, कास्कीः शिक्षा नियमावली २०५९(संशोधन सहित) को परिच्छेद १७ नियम ९३ अनुसुची १३ बमोजिम प्रधानाध्यापक नियुक्ति प्रकृया कार्यान्वयन गर्नुहुन।



फोन नं. ०६१-५७०१४७, ०६१-५५३१३७ फ्याक्स नं. ०६१-५७१०९७ Email: deokaski123@gmail.com Website: www.kaski.edcu.gov.np